बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०७९ साल श्रावण महिनाको ५ गते बिहिवार का दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री. गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस नगरपालिकाको विभिन्न विषयमा नगरकार्यपालिकाको ६८ौं बैठक बसी तपशिल बमोजिमको उपस्थिति मा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

# उपस्थिति :—

| हस्ताक्षर | क्र.सं. | पद | नाम |
|---|---|---|---|
| [हस्ताक्षर] | १, | प्रमुख | श्री गुमान सिंह अर्याल |
| [हस्ताक्षर] | २, | उप - प्रमुख | श्री पद्मा गुरुङ |
| [हस्ताक्षर] | ३, | प्र. प्र. अधिकृत | श्री ड्रमनाथ कँडेल |
| [हस्ताक्षर] | ४, | वडा अध्यक्ष (वडा नं. १) | श्री दुर्गा बहादुर बुढाथोकी |
| अनुपस्थिति | ५, | —"— (२) | श्री मदन बहादुर राना |
| [हस्ताक्षर] | ६, | —"— (३) | श्री चित्र बहादुर दनाई |
| [हस्ताक्षर] | ७, | —"— (४) | श्री गम बहादुर गुरुङ |
| [हस्ताक्षर] | ८, | —"— (५) | श्री इन्द्र बहादुर गुरुङ |
| [हस्ताक्षर] | ९, | —"— (६) | श्री प्रकाश थापा |
| [हस्ताक्षर] | १०, | —"— (७) | श्री ऋषिराम बस्नेत |
| [हस्ताक्षर] | ११, | —"— (८) | श्री पवित्रा थापा राना |
| [हस्ताक्षर] | १२, | —"— (९) | श्री खुशिजङ गुरुङ |
| [हस्ताक्षर] | १३, | —"— (१०) | श्री गंगा बहादुर थापा |
| [हस्ताक्षर] | १४, | —"— (११) | श्री शिव प्रसाद जोशी |
| [हस्ताक्षर] | १५, | कार्यपालिका सदस्य | श्री हिरा लाल विश्वकर्मा |
| [हस्ताक्षर] | १६, | —"— | श्री श्रीनाथ दुलाल |
| [हस्ताक्षर] | १७, | —"— | श्री कल्पना थापा वोहरा |
| [हस्ताक्षर] | १८, | —"— | श्री विमला न्यौपाने अधिकारी |
| [हस्ताक्षर] | १९, | —"— | श्री सुक माया गुरुङ |
| [हस्ताक्षर] | २०, | —"— | श्री सुकमाया घर्ती |
| [हस्ताक्षर] | २१, | —"— | श्री मानिता परियार |

सहजकर्ता कर्मचारी :—

| हस्ताक्षर | क्र.सं. | पद | नाम |
|---|---|---|---|
| [हस्ताक्षर] | २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| [हस्ताक्षर] | २३, | ना.सु. (सहायकस्तर पाँचौं) | श्री गोबिन्द बहादुर राउत |

[हस्ताक्षर]
गुमान सिंह अर्याल
नगर प्रमुख

Scanned with CamScanner

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ साउन ५ गतेको बैठकका प्रस्तावहरु***

- अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा ।
- स्थानीय भू उपयोग परिषदको गठन सम्वन्धमा ।
- जग्गा वर्गिकरण सम्बन्धमा ।
- कोभिड प्रभावितहरुको प्राविधिक कारणले रकम जम्मा हुन नसकेको सम्वन्धमा ।
- विविध
    - विपद् सहयोग सम्वन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं. १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा ।**

मिति २०७९।०३।३० गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था वारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : स्थानीय भू उपयोग परिषद गठन सम्वन्धमा ।**

संघीय सरकारको भू उपयोग ऐन २०७६ को दफा १८ वमोजिम भू उपयोग क्षेत्र र भू उपयोग योजना तर्जुमा तथा कार्यान्यनका लागि प्रत्येक स्थानीय तहमा एक स्थानीय भू उपयोग परिषद रहने साथै सम्वन्धित कार्यपालिकाले स्थानीय भू उपयोग परिषद्को रुपमा कार्य गर्नेछ भन्ने उल्लेख भए वमोजिम यस वेसीशहर नगर कार्यपालिकाले यसै ऐनको दफा १९ वमोजिमको काम कर्तव्य र अधिकार प्रयोग गर्ने सिलसिलामा भू उपयोग परिषदको जिम्मेवारी वहन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : जग्गा बर्गिकरण सम्वन्धमा ।**

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं १६४० मिति २०७९।०२।२७ को प्राप्त पत्रानुसार स्थानीय भू उपयोग परिषदले भू उपयोग ऐन २०७६ र नियमावली २०७९ ले तोकेको मापदण्डका आधारमा जग्गालाई कृषि क्षेत्र र गैह्र कृषि क्षेत्रमा वर्गिकरण गर्नु पर्ने र सोही निर्णय वमोजिम मात्र स्थानीय तहले कित्ताकाट प्रयोजनका लागि सिफारिश गर्नुपर्ने भन्ने भए वमोजिम यस नगरपालिका भित्रका सवै वडाहरुको अनुसूचीमा संलग्न विवरण वमोजिम कृषि र गैह्र कृषि क्षेत्र गरी दुई प्रकारमा जग्गाको वर्गिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : कोभिड प्रभावितहरुको प्राविधिक कारणले रकम जम्मा हुन नसकेको सम्वन्धमा ।**

गत आ.व. २०७८।७९ मा कोभिड प्रभावित विपन्न व्यक्तिहरुहरुलाई राहत प्रदान गर्नको लागि प्राप्त भएको रकम छनौट भएका लाभग्राहीहरुको खातामा जम्मा गर्ने क्रममा नगरपालिका तथा वैंकहरुमा भएको प्राविधिक समस्याको कारण लाभग्राहीहरुको खातामा जम्मा हुन नसकी रकम फिज भएको हुँदा खातामा जम्मा हुन



गुमान सिंह अर्याल
नगर प्रमुख

Scanned with CamScanner

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०४/०५ गतेको बैठक

बाँकी रहेका लाभग्राहीहरुको रकम चालु आ.व. २०७९।८० मा निकासा हुने व्यवस्थाको लागि सम्वन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

निर्णय नं. ५ : विपद् सहयोग सम्वन्धमा ।

बेसीशहर नगरपालिका वडा नं १० निवासी विल वहादुर विकको घर आगलागी भई नष्ट भएको हुँदा निज र निजको परिवारलाई राहतस्वरुप रु ५० हजार विपद् व्यवस्थापन कोषबाट प्रदान गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

Scanned with CamScanner